# सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

## नमूना प्रश्नपत्र

विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ। दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ।

समय : ३ घण्टा पूर्णाङ्क : ७५

### सबै प्रश्नहरूको उत्तर दिनुहोस् :

### समूह क

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : ११×१=११**

१. जीवनोपयोगी शिक्षा भनेको के हो ?

२. सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको कुनै एक भिन्नता लेख्नुहोस्।

३. तनावमा परेको नजिकको साथीलाई तनाब व्यवस्थापन गर्ने कुनै एक सुझाव दिनुहोस्।

४. परियोजना कार्य गर्ने सिलसिलामा समुदायका व्यक्तिहरूसँग कसरी कुराकानी सुरु गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस।

५. आधुनिक मानवको पुर्खा कसलाई मानिन्छ ?

६. तपाईं बस्ने पर्यावरणिय क्षेत्रमा अनुकुलन हुन तपाईंले गर्नुभएका कुनै दुईओटा कार्यहरू लेख्नुहोस्।

७. नेपालको प्रतिनिधि सभाको निर्वाचनको लागि कस्तो निर्वाचन प्रणाली अवलम्बन गरिएको छ ?

८. जनसाङ्ख्यिक लाभांश भनेको के हो ? एक वाक्यमा लेख्नुहोस्।

९. विप्रेषणले नेपालको अर्थतन्त्रमा पारेको कुनै दुई प्रभाव लेख्नुहोस्।

१०. विपद् जोखिमका दृष्टिकोणमा तपाईं रहेको बस्ती कस्तो प्रकारको बस्ती हो ? यदि जोखिमयुक्त भएमा यस्ता जोखिमबाट सुरक्षित गर्ने कुनै एक उपाय लेख्नुहोस्।

११. आहार र स्वस्थ जीवनबिचको सम्बन्ध एक वाक्यमा प्रस्ट पार्नुहोस्।

### समूह ख

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : ८×५ = ४०**

१२. वर्ड फाइल (Word file) मा टाइप गर्दादेखि प्रिन्ट गर्दासम्म तपाईं कुन कुन चरणहरू पूरा गर्नुहुन्छ ? लेख्नुहोस्।

**अथवा**

तपाईंले परियोजना कार्य पूरा गर्नुपर्ने अवस्थामा समूह नेताको हैसियतले समूहलाई कसरी परिचालन गर्नुहुन्छ ?

१३. ढुङ्गे युगको जीवन पद्धतिलाई पाँचओटा बुँदामा उल्लेख गर्नुहोस्।

१४. जीवनशैलीको आधारमा मानव र वातावरणबिचको सम्बन्ध व्याख्या गर्नुहोस् ।

१५. मध्यकालीन एसियामा आर्थिक उतारचढाब थियो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६. छुवाछुत विरुद्ध जनचेतना जगाउनुपर्छ भन्ने सन्देश दिँदै सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

१७. बस्तीको परिचय दिँदै ग्रामीण बस्तीका कुनै चार प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस्

१८. देशको आर्थिक विकासमा सरकारी, निजी र सहकारीसम्बन्धी तिन खम्बे आर्थिक नीतिले कसरी सहयोग पुऱ्याउँछ ?

१९. नेपालको संसदीय निर्वाचनमा समानुपातिक प्रतिनिधित्व प्रणालीको व्यवस्था गरिएको छ । यसले संविधानमा तोकिएका लिङ्ग, वर्ग, क्षेत्र र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकेको छ छैन ? समीक्षा गर्नुहोस् ।

**अथवा**

आमजनतामा गुणस्तरीय स्वाथ्य सेवाको पहुँच पुऱ्याउन राज्यले गरेका प्रयासहरूको समीक्षा गर्नुहोस् ।

## समूह ग

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** ३ × ८ = २४

२०. तनाव र द्वन्द्वबिचको सम्बन्ध उल्लेख गरी द्वन्द्व रूपान्तरमा तनाव व्यवस्थापनले कसरी भूमिका खेल्न सक्छ । उदाहरणसहित पुष्टि गर्नुहोस् ।

२१. मानव समाज विकासको क्रममा पशुपालन तथा कृषि युगको सुरुआतको कारण उल्लेख गर्दै यस युगका विशेषताहरू चर्चा गर्नुहोस् ?

**अथवा**

नेपाली समाजमा जात प्रथाले उब्जाएका समस्याहरू पहिचान गर्दै यसका समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

२२. मितव्ययी जीवन शैलीका लागि तपाईंले के कस्ता व्यावहारिक अभ्यासहरू गर्नुभएको छ ? कुनै आठओटा व्यावहारिक अभ्यासहरू उल्लेख गर्नुहोस् ।

*Source : Curriculum Development Centre, Sanothimi, Bhaktapur*